**मंगला गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ९ बाबियाचौर, म्याग्दी, संख्या : १ मिति : २०८३ साल बैशाख १७**

भाग–२

मंगला गाउँपालिका

# मंगला गाउँपालिका अन्तर्गतका अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३

**प्रस्तावनाः-**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न वाञ्छनिय भएकाले मंगला गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**- (१) यस कार्यविधिको नाम "मंगला गाउँपालिका अन्तर्गतका अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः**- विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यविधि" भन्नाले मंगला गाउँपालिकाका अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३" सम्झनु पर्दछ ।

ख. "गाउँकार्यपालिका" भन्नाले मंगला गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "गाउँपलिका" भन्नाले मंगला गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ. "सभा" भन्नाले मंगला गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

ङ. "वडा" भन्नाले मंगला गाउँपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

च. "अध्यक्ष" भन्नाले मंगला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

छ. "उपाध्यक्ष" भन्नाले मंगला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मंगला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

झ. "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ ।

ञ. "कर्मचारी" भन्नाले मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तानी गर्ने अस्थायी, करार, ज्यालादारी लगायतका सवारी चालक र कार्यालय सहयोगी कर्मचारीहरुलाई समेत सम्झनु पर्दछ ।

ट. "रोजगारदाता" भन्नाले रोजगारी सिर्जना गर्ने कार्यालय मंगला गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ठ. "योगदानकर्ता" भन्नाले मंगला गाउँपालिकाको कार्यालयमा अस्थायी, करार तथा ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

३. **जिम्मेवारी र उत्तरदायित्वः**- (१) मंगला गाउपालिका, गाउँ कार्यपालिकाको कार्यालय र यस मातहत रहेका वडा कार्यालय, स्वास्थ्य संस्था, विषयगत शाखामा कार्यरत मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने सबै अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु मंगला गाउँपालिका, गाउँकार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ ।

(२) गाउँकार्यपालिकाले सामाजिक सुरक्षा कोषमा आवद्ध आफ्ना अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने कर्मचारीहरुको लागि रोजगारदाताले जम्मा गर्नुपर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँसभाबाट विनियोजित गराउनु पर्नेछ ।

(३) मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात स्वतःलागू हुनेछ र यस कार्यविधि पारित हुनु पुर्व यस कार्यालयबाट कट्टी भई जम्मा भएको रकम समेत यस कार्यविधि बमोजिम भएको मानिने छ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताले खाईपाई आएको तलब स्केलको ६० प्रतिशतलाई आधारभूत तलब मानी सो रकमको योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्नेछ ।

४. **<u>समिति गठन</u>**:- (१) अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरी आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. कर्मचारी प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. गाउँकार्यपालिकामा अस्थायी, करार तथा ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने ।

ख. नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने ।

ग. अनलाईन माध्यमबाट गाउँकार्यपालिकालाई रोजगारदाताको रुपमा र अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सूचिकरण गर्ने वा गराउने ।

घ. अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

**५.** **थपघट, हेरफेर वा संशोधनः**- गाउँसभा/कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**६.** **बाधा अड्काउ फुकाउः**- यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**७.** **खारेजी तथा बचाउः**- यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले**
**मदन अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**